# जिल्ला समन्वय समितिको कार्यालय

दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल

## सटर भाडामा लगाउने सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(शिलबन्दी दरभाउपत्र नं. ०१/०८०/०८१ जि.स.स. तनहुँ/ट्रस भवन/मालपोतलाईन)
(प्रथम पटक प्रकाशित मिति : २०८०/०४/१४)

जिल्ला सभाको मिति २०८०/०३/१८ मा बसेको विशेष बैठकको निर्णय नं. १ अनुसार जिल्ला समन्वय समिति, तनहुँको स्वामित्वमा रहेको साविक फराकचौर ९/ग (हाल व्यास न.पा. – ३) कित्ता नं. २०३० र कि.नं. ३२४ को जग्गामा बनेका सटरहरु मध्ये २४ वटा सटरहरु जिल्ला सभाको उल्लेखित बैठकको निर्णय बमोजिम प्रत्येक सटरका लागि कायम भएको न्यूनतम मूल्यबाट बढाबढमा व्यवसायिक प्रयोजनका लागि भाडामा दिन ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिन (अर्थात मिति २०८०/०४/२८ ) भित्र कार्यालय समयमा दरभाउपत्र खरिद गरी सो को भोलिपल्ट (अर्थात मिति २०८०/०४/२९) दिनको १२:०० बजेभित्र जिल्ला समन्वय समितिको कार्यालय, तनहुँमा शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | सटर नं. | प्रत्येक सटरको न्यूनतम मासिक भाडा रु. | दरभाउपत्र फाराम दस्तुर रु. | धरौटी रकम रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | A02 देखि A24 नम्बर सम्मका सटरहरु | ९,६००।०० | १,०००।०० | ६,०००।०० | २०८०/०४/२८ दिनको ५:०० बजे भित्र | २०८०/०४/२९ दिनको १२:०० बजे भित्र |
| २ | A25 नम्बर | ११,०००।०० | १,०००।०० | ६,०००।०० | | |

**शर्तहरु**

१. शिलबन्दी दरभाउपत्र व्यक्ति, फर्म, कम्पनी वा संघ, संस्थाले दर्ता गर्न सक्नेछन् ।
२. नेपाली नागरिकले मात्र शिलबन्दी दरभाउपत्र पेश गर्न पाईने छ ।
३. व्यक्तिले शिलबन्दी दरभाउपत्र पेश गरेको हकमा सम्झौता भएको मितिले २ महिना भित्र अनिवार्य रुपमा सम्बन्धित निकायमा व्यवसाय दर्ता गर्नु पर्नेछ । अन्यथा सम्झौताका बखत जम्मा गरेको धरौटी जफत गरी सम्झौता रद्द गरिनेछ ।
४. प्रत्येक सटरका लागि रु. १,०००।०० (अक्षरुपी एक हजार) (फिर्ता नहुने) दस्तुर यस कार्यालयको नेपाल बैंक लिमिटेड, दमौली शाखामा रहेको कार्यालय कोड नं. ३६६००३८०१, राजश्व खाता नं. ००१०१००००००००१००१००१, राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०८०/०४/२८ गते) भित्र कार्यालय समयमा दरभाउपत्र खरिद गर्न सकिने छ ।
५. प्रत्येक सटरमा छुट्टा छुट्टै प्रतिस्पर्धा हुने भएकोले प्रत्येक सटरको लागि कार्यालयबाट टाँस गरिएको सटर नम्बर उल्लेख गरी छुट्टा छुट्टै शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ । तर एउटा व्यक्ति/फर्म/कम्पनी/संघ/संस्थाले बढीमा दुई वटा शटरको लागि मात्र शिलबन्दी दरभाउपत्र पेश गर्न सक्नेछ। दुई भन्दा बढी सटरका लागि शिलबन्दी दरभाउपत्र पेश गर्ने प्रस्तावदाताको सबै प्रस्तावहरु रद्द हुनेछन् ।
६. प्रत्येक सटरका लागि शिलबन्दी दरभाउपत्र साथ रु ६,०००।०० (अक्षरुपी पाँच हजार) यस कार्यालयको नेपाल बैंक लिमिटेड स्थित खाता नं. ०६००१०००००२००३००००१ को धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नुपर्नेछ ।
७. संलग्न गर्नुपर्ने कागजात सहित दरभाउपत्र शिलबन्द गरी सूचना प्रकाशन भएको मितिले १६ औं दिन (मिति २०८०/०४/२९ गते) दिनको १२:०० बजेभित्र यस कार्यालयमा स्वयं उपस्थित भै दर्ता गराउनु पर्नेछ ।
८. तोकिएको मिति र समयभित्र रित पूर्वक यस कार्यालयमा दर्ता हुन आएका शिलवन्दी दरभाउपत्रहरु १६ औं दिन (मिति २०८०/०४/२९ गते) दिनको १:०० बजे प्रस्तावदाताहरु समेतको रोहबरमा खोलिनेछ । तोकिएको समयमा प्रस्तावदाताहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
९. न्यूनतम मूल्य भन्दा कम मूल्य अंकित वा म्याद नाघी प्राप्त हुन आएको वा शिलबन्दी नगरिएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।
१०. दरभाउपत्र मूल्याङ्कन गरी भाडामा दिने वा नदिने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार जिल्ला समन्वय समितिको हुनेछ ।
११. भाडामा लिईएका कोठाहरु आवाशीय प्रयोजनमा प्रयोग गर्न पाईने छैन ।
१२. जसको दरभाउपत्र स्वीकृत भै भाडा सम्झौता हुन्छ सोही प्रस्तावदाताले कोठा प्रयोग गर्नुपर्नेछ अर्को कुनै पक्षलाई पुनः भाडामा लगाउन पाईने छैन । त्यस्तो गरेको पाईएमा धरौटी जफत गरी तत्काल सम्झौता भङ्ग गरिनेछ ।
१३. शिलबन्दी दरभाउपत्रमा आफुले सञ्चालन गर्ने व्यवसायको प्रकृति/किसिम उल्लेख गर्नुपर्नेछ ।
१४. सटर भाडामालिई उपयोग गर्दा पालना गर्नुपर्ने शर्तहरु सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ ।
१५. स्वीकृत भएको शिलबन्दी दरभाउपत्र दाताले सम्झौता गर्दा कबोल अंक अनुसार २ महिनाको हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड स्थित खाता नं. ०६००१०००००२००३००००१ को धरौटी खातामा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।
१६. फ्रेस हाउस, अटो वर्कसप (गाडी धुने समेत), ग्रिल लगायत फलामजन्य उद्योग, स मिल तथा प्रचलित कानूनले निषेध गरेका व्यवसाय सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्न पाईने छैन ।
१७. शिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु
    (अ) यस कार्यलयबाट प्रमाणित भएको दरभाउपत्र
    (आ) नेपाली नागरिकताको प्रमाण पत्र (फर्म वा कम्पनीको हकमा प्रोपराईटरको र संघ संस्थाको हकमा अध्यक्षको)
    (इ) फर्म/कम्पनी भए सम्बन्धित निकायमा दर्ता भएको व्यवसाय दर्ता प्रमाणपत्र (नविकरण सहित)
    (ई) फर्म/कम्पनीको हकमा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र (PAN/VAT) र आ.व. २०७८/७९ को कर चुक्ता प्रमाण पत्र
    (उ) यस कार्यालयको नेपाल बैंक स्थित उल्लेखित धरौटी खातामा रु ६,०००।०० (अक्षरुपी पाँच हजार) जम्मा गरेको सक्कलै भौचर
१८. शिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नुपर्ने कागजात सलग्न नभएको दरभाउपत्र मान्य हुनेछैन ।
१९. थप जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

थमन सिंह थापा
जिल्ला समन्वय अधिकारी